# फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९

नेपाल सरकार, म.प.बाट स्वीकृत मिति २०७९/०१/२५

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ । साथै, धारा ३५ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको छ । संविधानले जनसाधरणमा वातावरणीय स्वच्छतासम्बन्धी सचेतना बढाई वातावरणमा परेको नकारात्मक प्रभावको न्यूनीकरण गर्दै पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने नीतिसमेत अङ्गिकार गरेको छ । यसका साथै नेपालको संविधानले खानेपानी तथा सरसफाइ संघ र प्रदेशको अधिकारको साझा सूचीमा, आधारभूत स्वास्थ्य तथा सरसफाइ स्थानीय तहको अधिकारको सूचीमा तथा वातावरण र पर्यावरणसम्बन्धी विषय संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीअन्तर्गत समावेश गरेको छ ।

त्यसैगरी, पन्ध्रौं योजनाले सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मलमूत्र र फोहर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउने उद्देश्य राखेको छ ।

जनसङ्ख्या तथा शहरीकरणमा भएको वृद्धि, बढ्दो औद्योगिकीकरण, उपभोग प्रवृत्तिमा आएको परिवर्तनसँगै फोहरमैलाको प्रकृति र परिमाणमा बढोत्तरी हुँदै गएको छ । फोहरमैलाको सङ्कलन, ढुवानी तथा विसर्जनमा आधुनिक प्रविधिको अनुसरण र वैज्ञानिक व्यवस्थापन हुन नसक्दा स्रोतको रूपमा पुनः उपयोग हुनसक्ने वस्तु ठूलो बोझको विषय बन्न गएको छ । फोहरमैला व्यवस्थापन विशेष गरी शहरी क्षेत्र र ग्रामीण बजार केन्द्रहरूमा चुनौतीपूर्ण बन्न पुगेको छ।

प्रस्तुत सन्दर्भमा सरसफाइ र वातावरण संरक्षणसम्बन्धी संवैधानिक व्यवस्था एवं अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि राष्ट्रिय मापदण्ड, तहगत सरकारको जिम्मेवारी र अन्तरसम्बन्ध एवं निजी, सामुदायिक र गैरसरकारी संघ/संस्थाको भूमिकालाई मार्गदर्शनको लागि नीतिगत प्रबन्ध गर्न आवश्यक रहेको छ ।

## २. विगतका प्रयासहरू

फोहरमैला व्यवस्थापनका लागि नेपाल सरकारले विगतदेखि नै आवश्यक कानूनी तथा संस्थागत व्यवस्थाहरू गर्दै आएको छ । यस सन्दर्भमा फोहरमैला प्रबन्ध तथा स्रोत परिचालन ऐन, २०४४ वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, फोहरमैला व्यवस्थापन ऐन, २०६८, फोहरमैला व्यवस्थापन नियमावली, २०७० लगायतका प्रमुख कानूनी व्यवस्था गरिएको ।

त्यसैगरी फोहरमैला व्यवस्थापन सम्बन्धमा प्राविधिक तथा व्यवस्थापकीय सहयोगका लागि फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको स्थापना एवं वातवारणीय स्वच्छता र सरसफाइलाई स्थानीय

तहको नेतृत्वमा घरपरिवार तहदेखि नै जिम्मेवार बनाई अभियानका रूपमा सञ्चालन गर्न वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७० कार्यान्वयनमा ल्याइएको थियो।

जनस्वास्थ्य तथा वातावरणमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्ने खानेपानी तथा ढल निकास, फोहरपानी प्रशोधन, फोहरमैला व्यवस्थापन, प्रदूषण न्यूनीकरण, वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन जस्ता विषयहरू आवधिक योजनामा समेत समावेश हुनुका साथै यससम्बन्धी राष्ट्रिय नीति कानून तथा कार्यक्रमको कार्यान्वयन समेत हुँदै आएको छ ।

उपरोक्त नीतिगत तथा कानूनी व्यवस्थाको प्रमुख उद्देश्य फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्ने नकारात्मक असरलाई घटाई सफा तथा स्वच्छ वातावरण कायम गर्नु रहेको थियो भने फोहरमैला सङ्कलन, प्रशोधन र व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरूको निर्माण र सञ्चालनको जिम्मेवारी स्थानीय निकायलाई प्रदान गरिएको थियो ।

## ३. <u>वर्तमान स्थिति</u>

नेपालको संविधानले आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीयस्तरको सरसफाइ तथा फोहरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुने स्पष्ट व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय वातावरण नीति, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६ र सोसम्बन्धी नियमावली, २०७७ ले समेत फोहरमैलाको प्रकृतिअनुसार वर्गीकरण गरी उचित व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छ । यसका साथै प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना, २०७८ र वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ समेत स्वीकृत भई कार्यान्वयनमा रहेको छ ।

एसियाली विकास बैंकले सन् २०१३ मा गरेको अध्ययन अनुसार सन् २०११ मा प्रतिव्यक्ति प्रति दिन १७० ग्रामको दरले फोहरमैला उत्पादन हुने गरेको छ । त्यसैगरी केन्द्रीय तथ्याङ्क विभागले सन् २०२० मा २७१ वटा नगरपालिकामा गरेको आधाररेखा सर्वेक्षणअनुसार सङ्कलित फोहरमैलाको आयतनको आधारमा कुहिने फोहरको अंश ५४ प्रतिशत, रासायनिक फोहरको अंश ३३.३ प्रतिशत र अन्य फोहरको मात्रा १२.७ प्रतिशत रहेको देखाएको छ। सर्वेक्षणले सङ्कलित फोहरमैलामध्ये ४८.६ प्रतिशत ल्याण्डफिल साइटमा विसर्जन हुने, ३२.१ प्रतिशत जलाउने र २७.४ प्रतिशत फोहर नदी किनारमा थुपार्ने गरिएको देखाएको छ।

सर्वेक्षण गरेका नगरपालिकामध्ये ४२.१ प्रतिशतले मात्र ल्याण्डफिल साइटको प्रयोग गर्ने गरेका र ल्याण्डफिल साइटको प्रयोग गर्नेमध्ये ८५.१ प्रतिशतले आफ्नै ल्याण्डसाइट प्रयोग गर्ने गरेको देखिन्छ। उपलब्ध ल्याण्डफिल साइटको औसत आकार १५ हेक्टर रहेकोछ भने औसत क्षमता २९.८७७ घनमिटर रहेको देखिन्छ। ल्याण्डफिल साइटको औसत दूरी ४.३ किलोमिटर र औसत आयु १६.३ वर्ष रहेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७७ मा गरेको क्षमता विकास आवश्यकता पहिचानसम्बन्धी अध्ययन अनुसार १२ प्रतिशत स्थानीय तहको संस्थागत संरचनामा फोहरमैला व्यवस्थापन शाखा/उपशाखा/एकाइको प्रबन्ध भएको देखिन्छ । उक्त अध्ययनले १२ प्रतिशत स्थानीय तहमा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रको परिचालन गरेको देखाएको छ । यसैगरी साबिकमा स्थानीय तहको लागि फोहरमैला व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउने जिम्मेवारी रहेको फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र खारेज भइसकेको अवस्था छ ।

## ४. समस्या तथा चुनौती

नेपालमा शहरीकरण र जीवनपद्धतिमा आएको परिवर्तनसँगै शहरी तथा ग्रामीण बजार क्षेत्रहरूमा फोहरमैला व्यवस्थापनको चुनौती बढ्दै गएको छ। शहरी जनसङ्ख्यामा भएको वृद्धिसँगै शहरी खानेपानी र सरसफाइ सुविधाको चापमा अत्याधिक वृद्धि भएको छ । केन्द्रीय तथ्याङ्क विभागले सन् २०१९/२० मा गरेको सर्वेक्षण अनुसार ४५ प्रतिशत नगरपालिकाहरू मात्र ढल निकासको प्रणालीमा आबद्ध रहेका छन् भने ९.४ प्रतिशत घरपरिवार मात्र सुविधायुक्त पानी निकास प्रणालीमा जोडिएका छन्। आधुनिक जीवनशैलीको अवलम्बन, औद्योगिक तथा व्यावसायिक गतिविधिमा भएको वृद्धिजस्ता कारणले घरायसी, संस्थागत तथा व्यावसायिक क्षेत्रबाट निष्काशन हुने फोहरमैलामा समेत वृद्धि भइरहेको छ। त्यसबाहेक जनचेतना र सरोकारवालाको सहभागिताको कमी, कमजोर पूर्वाधार, प्रविधिको न्यून उपयोग, कमजोर समन्वय र न्यून संस्थागत क्षमताजस्ता कारणले फोहरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

फोहरमैला सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सङ्घीय संरचनामा आधारित फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा गर्ने, अन्तर तह समन्वय, सार्वजनिक निजी साझेदारीको प्रवर्द्धन र अनुसन्धान तथा विकास फोहरमैला व्यवस्थापन क्षेत्रका थप समस्या तथा चुनौतीहरू हुन्।

## ५. नयाँ नीतिको आवश्यकता

जनसङ्ख्याको निरन्तर बढोत्तरी, तीव्र शहरीकरण, तीन तहको सरकार सहितको शासकीय प्रणालीजस्ता पक्षले फोहरमैला व्यवस्थापन एक जटिल र अन्तरसम्बन्धित विषयको रूपमा रहेको छ । फोहरमैला व्यवस्थापनमा सबै तहका सरकारको समन्वयात्मक प्रयासबाट मात्र राज्यको दीर्घकालीन सोच, दिगो विकास लक्ष्यको प्राप्तिका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेको प्रतिबद्धताको कार्यान्वयन गरी अपेक्षित लक्ष्य हासिल गर्न सम्भव हुन्छ । यसका अतिरिक्त फोहरमैला व्यवस्थापनको क्षेत्रमा अन्तर तह सहलगानी र साझेदारी पूर्वाधार तथा संरचना निर्माण, नागरिक सहभागिता, सार्वजनिक निजी साझेदारी, विकास सहायता परिचालन, प्रविधि विकास र हस्तान्तरण तथा ज्ञान, सीप र अनुभव आदान प्रदानलाई सहज, प्रभावकारी र व्यवस्थित बनाउन राष्ट्रिय नीतिको आवश्यकता देखिएको छ ।

## ६. दूरदृष्टि

"फोहरमैलाको उचित व्यवस्थापनमार्फत स्वच्छ, स्वस्थ र समुन्नत समाजको स्थापना"

७. **लक्ष्य**

फोहरमैलाको दिगो व्यवस्थापनद्वारा नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्ने ।

८. **उद्देश्य**

८.१ घरेलु औद्योगिक र सेवा क्षेत्रबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापनसम्बन्धी कानून तथा मापदण्डलाई मार्गदर्शन गर्नु,

८.२ फोहरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्नु,

८.३ फोहरमैला व्यवस्थापनमा सङ्घीय एकाइहरूको भूमिका स्पष्ट गर्नु,

८.४ फोहरमैला व्यवस्थापनमा नवीनतम प्रविधिको उपयोग र लगानी प्रवर्द्धनलाई प्रोत्साहन गर्दै फोहरलाई स्रोतको रूपमा परिचालन गरी अर्थतन्त्रमा योगदान गर्नु ।

९. **रणनीति**

९.१ फोहरमैलाको प्रकृति अनुसार वर्गीकरण गरी व्यवस्थापनका लागि कानूनी आधार तयार गर्ने,

९.२ फोहरमैलाको प्रकृति अनुसारको वर्गीकरण गरी अलग अलग मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने

९.३ फोहरमैलालाई स्रोतमै न्यूनीकरण गरी विसर्जन स्थलको उपयोगलाई दिगो बनाउने,

९.४ फोहरमैला व्यवस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्ने,

९.५ फोहरमैला व्यवस्थापनमा संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्ने,

९.६ फोहरमैला व्यवस्थापनमा सहलगानी, साझेदारी, सहकार्य र सहभागिता अभिवृद्धि गर्ने,

९.७ फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान र सुदृढ तथ्याङ्कीय आधार तयार गर्ने,

९.८ फोहरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने ।

१०. **कार्यनीति**

यस नीतिको लक्ष्य र उद्देश्य हासिल गर्न तथा रणनीति कार्यान्वयन गर्न देहाय अनुसार कार्यनीतिको अवलम्बन गरिनेछः

रणनीति ९.१: फोहरमैलाको प्रकृतिअनुसार वर्गीकरण गरी व्यवस्थापनका लागि कानूनी आधार तयार गर्ने,

९.१.१. फोहरमैला व्यवस्थापनसम्बन्धी एकीकृत कानून निर्माण गरी हानिकारक, रासायनिक, औद्योगिक, स्वास्थ्य संस्थाजन्य र घरायसी फोहरमैलाको नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

९.१.२. घरेलु फोहरमैला व्यवस्थापनका लागि स्थानीय तहलाई र हानिकारक, रासायनिक,औद्योगिक र स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापनका लागि सम्बन्धित उत्पादक व्यक्ति वा निकायलाई जिम्मेवार बनाइनेछ।

९.१.३. फोहरमैला व्यवस्थापनसम्बन्धी कानून निर्माणका लागि प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

९.१.४. फोहरमैला व्यवस्थापनसम्बन्धी कानून तर्जुमा गर्दा फोहरमैला वर्गीकरण, न्यूनीकरण, पुनः प्रयोग तथा प्रशोधनलाई प्रोत्साहन गरिनेछ ।

९.१.५. भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्रकोपबाट सिर्जना हुने विपद्‌जन्य तथा निर्माणजन्य फोहरको व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

रणनीति ९.२: फोहरमैलाको प्रकृति अनुसार वर्गीकरण गरी अलग अलग मापदण्ड तर्जुमाका साथै कार्यान्वयन गर्ने,

९.२.१. हानिकारक, रासायनिक, औद्योगिक, स्वास्थ्य संस्थाजन्य र घरेलु फोहरमैला व्यवस्थापनको लागि अलग अलग मापदण्ड तर्जुमा गरी नियामक निकायको व्यवस्था गरिनेछ ।

९.२.२. संघ, प्रदेश र स्थानीय तहमा फोहरमैला व्यवस्थापनसम्बन्धी उपयुक्त संस्थागत संरचनाको व्यवस्था गरी मापदण्डको परिपालना र समन्वयलाई प्रभावकारी बनाइनेछ ।

९.२.३. फोहरमैला व्यवस्थापनसम्बन्धी मापदण्डको कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहलाई आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

९.२.४. फोहरमैला विसर्जन स्थलको मापदण्ड निर्धारण गरी नदी प्रणाली, ताल, सिमसार क्षेत्र, वन्यजन्तुको वासस्थल, धार्मिकस्थल, सम्पदाक्षेत्र, संरक्षित क्षेत्र, सडक अधिकार क्षेत्र वा अन्य सार्वजनिक स्थानमा फोहरमैला विसर्जन गर्न पूर्णरूपले प्रतिबन्धित गरिनेछ ।

रणनीति ९.३: फोहरमैलालाई स्रोतमै न्यूनीकरण गरी विसर्जन स्थलको उपयोगलाई दिगो बनाउने,

९.३.१. घरेलु फोहरमैलाको स्रोतमा वर्गीकरण गरी पुनःप्रयोग,प्रशोधन र कम्पोष्टिङ गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

९.३.२. हानिकारक, रासायनिक, औद्योगिक र स्वास्थ्य संस्थाजन्य फोहरमैलालाई प्रशोधन गरी बाँकी रहेको फोहरमैलालाई स्थानीय तहसँगको समन्वयमा सुरक्षित रूपले विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।

९.३.३. फोहरमैला विसर्जन स्थलको दिगो उपयोगका लागि स्थानीय तहहरू बीचको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

९.३.४. नदी, ताल र सिमसार क्षेत्रको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल र फोहरमैलालाई नदी, ताल र सिमसार क्षेत्रमा मिसाउने तथा विसर्जन गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।

९.३.५. फोहरमैलाको प्रकृति र परिमाण अनुसार सेवा शुल्कको व्यवस्था गरी "फोहर गर्नेले तिर्ने" सिद्धान्तलाई अवलम्बन गरिनेछ ।

९.३.६. शहरोन्मुख क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि आधारभूत पूर्वाधार सेवाको विकास र विस्तार गर्दै लगिनेछ।

९.३.७. फोहरमैलाको दिगो व्यवस्थापन गरी यसबाट जलवायु परिवर्तनमा हुने असरहरू न्यूनीकरण गरी राष्ट्रिय निर्धारित योगदान (National Determined Contribution) का लक्ष्य प्राप्तिमा सहयोग पुयाउने ।

रणनीति ९.४ः फोहरमैला व्यवस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्ने,

९.४.१. फोहरमैलाको वर्गीकरण, न्यूनीकरण र निष्कासन सम्बन्धी नागरिक दायित्व बारे सचेतना कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

९.४.२. फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धिका लागि सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

९.४.३. फोहरमैला व्यवस्थापन सम्बन्धी असल अभ्यासहरूको आदान प्रदान र समुदाय तहसम्म प्रचार प्रसार गरिनेछ।

९.४.४. फोहरमैला व्यवस्थापनमा घरपरिवार, समुदाय, टोल विकास संस्था र अन्य सरोकारवालाको सहभागिता र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

९.४.५. विद्यालय शिक्षा तथा अनौपचारिक शिक्षाको पाठ्यक्रममा फोहरमैला व्यवस्थापन सम्बन्धी विषय समावेश गरी जनचेतना अभिवृद्धिलाई फराकिलो तथा संस्थागत गरिनेछ ।

९.४.६. फोहरमैलाको समग्र व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरिनेछ।

रणनीति ९.५ः फोहरमैला व्यवस्थापनमा संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्ने,

९.५.१. फोहरमैला व्यवस्थापनमा नेपाल सरकारको भूमिका नीति, कानून र मापदण्ड निर्माण, अध्ययन अनुसन्धान र प्रविधि विकास, वैदेशिक सहायता परिचालनमा केन्द्रित गरिनेछ ।

९.५.२. फोहरमैला व्यवस्थापनसम्बन्धी पूर्वाधार निर्माणमा सहलगानी र स्थानीय तहहरूबीचको समन्वयका लागि प्रदेश सरकारको भूमिकालाई स्थापित गरिनेछ ।

९.५.३. फोहरमैलाको सङ्कलन, विसर्जन तथा प्रशोधनको लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालनमा स्थानीय तहलाई जिम्मेवार बनाइनेछ ।

रणनीति ९.६: फोहरमैला व्यवस्थापनमा सहलगानी, साझेदारी, सहकार्य र सहभागिता अभिवृद्धि गर्ने,

९.६.१. फोहरमैला सम्बन्धी ठूला पूर्वाधार तथा संरचना निर्माणमा संघ, प्रदेश र स्थानीय तहबीचको सहलगानी एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँगको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

९.६.२. फोहरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम निजी क्षेत्रलाई परिचालन गरिनेछ।

९.६.३. फोहरमैला व्यवस्थापनसम्बन्धी नागरिक सचेतना अभिवृद्धिका लागि गैर सरकारी संस्था परिचालनमा जोड दिइनेछ ।

९.६.४. फोहरमैला व्यवस्थापनमा टोल विकास संस्था, युवा क्लब, महिला समूह जस्ता समुदायमा आधारित संघसंस्थाको सहकार्य र सहभागिता अभिवृद्धि गरिनेछ ।

रणनीति ९.७: फोहरमैला व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान र सुदृढ तथ्याङ्कीय आधार तयार गर्ने,

९.७.१. फोहरमैला व्यवस्थापन सम्बन्धमा नवीनतम प्रविधिको विकास सम्बन्धी अध्ययन अनुसन्धान कार्यलाई प्रोत्साहन गरिनेछ ।

९.७.२. फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धानमा प्राज्ञिक संस्थाहरूसँग सहकार्य र समन्वय गरिनेछ।

९.७.३. फोहरमैला व्यवस्थापन सम्बन्धी सूचना प्रणालीको विकास एवं सुदृढ तथ्याङ्कीय आधार तयार गरिनेछ ।

९.७.४. परम्परागत ज्ञान, सीप र अनुभवमा आधारित, स्थानीय परिवेश अनुकूल प्रविधिको विकास तथा उपयोग गरिनेछ।

९.७.५. फोहरमैलालाई पुनःप्रयोग र प्रशोधनको माध्यमबाट ऊर्जा, प्राङ्गारिक मलजस्ता उत्पादनमूलक कार्यका लागि स्रोतको रूपमा उपयोग गर्न आवश्यक प्रविधिको विकासमा जोड दिइनेछ ।

रणनीति ९.८: फोहरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,

९.८.१. फोहरमैला व्यवस्थापन सम्बन्धी स्वदेशी तथा विदेशी अनुभव तथा सिकाइ आदान प्रदान गर्ने कार्यलाई नियमित गरिनेछ ।

९.८.२. फोहरमैला व्यवस्थापन सम्बन्धी तालिम, अध्ययन तथा अवलोकन भ्रमणलाई नियमित रूपमा सञ्चालन गरिनेछ।

९.८.३. फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान व्यवस्थापन र स्थानीय तहका असल अभ्यासहरूको आदान प्रदानका लागि सिकाइ केन्द्रको स्थापना र सञ्चालनलाई प्रोत्साहन गरिनेछ ।

९.८.४. तालिम प्रदायक संस्थाहरूबाट फोहरमैला व्यवस्थापन सम्बन्धी विशेष तालिमहरू सञ्चालन गरिनेछ ।

९.८.५. फोहरमैला व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यमा विकास साझेदारको सहयोग परिचालन गरिनेछ ।

९.८.६. फोहरमैला व्यवस्थापन सम्बन्धी प्रविधि तथा पूर्वाधार संरचनाको डिजाइन, निर्माण र सञ्चालनमा स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

९.८.७. फोहरमैला व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न कर्मचारी तथा कामदारको पेसागत सुरक्षा र स्वास्थ्य सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

## ११. संस्थागत संरचना

यस नीतिको लक्ष्य तथा उद्देश्य प्राप्ति र संस्थागत संरचना सम्बन्धी कानूनी व्यवस्था नभएसम्म फोहरमैला व्यवस्थापन सम्बन्धमा समन्वय र सहजीकरण गर्न देहाय अनुसारको फोहरमैला व्यवस्थापन राष्ट्रिय समन्वय समितिको गठन गरिनेछः

| | | |
|---|---|---|
| (क) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -संयोजक |
| (ख) | सहसचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, शहरी विकास मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (च) | सहसचिव, खानेपानी मन्त्रालय | -सदस्य |
| (छ) | सहसचिव, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (ज) | सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -सदस्य |
| (झ) | सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना हेर्ने) | -सदस्य |
| (ञ) | महानिर्देशक, स्थानीय पूर्वाधार विभाग | -सदस्य-सचिव |

समितिले आवश्यकताअनुसार नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य निकायका प्रतिनिधि तथा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१२. **<u>नीति कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय सरकारको भूमिका</u>**

फोहरमैला व्यवस्थापनमा नेपाल सरकारको भूमिका नीति, कानून र मापदण्ड निर्माण, अध्ययन अनुसन्धान र प्रविधि विकास, वैदेशिक सहायता परिचालनमा केन्द्रित रहनेछ । प्रदेश सरकारले पूर्वाधार निर्माणमा सहलगानी र स्थानीय तहहरूबीचको समन्वयको भूमिका निर्वाह गर्ने र फोहरमैलाको सङ्कलन, प्रशोधन र विसर्जन लगायत समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुनेछ ।

१३. **<u>स्रोत व्यवस्थापन</u>**

फोहरमैला व्यवस्थापनको समग्र जिम्मेवारी स्थानीय तहको रहेको हुँदा यस नीतिको कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत सम्बन्धित स्थानीय तहले आ-आफ्नो बजेट तथा कार्यक्रममा समावेश गरी व्यवस्थापन गर्नेछन् ।

पूर्वाधार निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहले सहलगानीका साथै नेपाल सरकारले वैदेशिक सहायता परिचालन तथा सार्वजनिक निजी साझेदारीमार्फत स्रोत व्यवस्थापनमा समन्वय र सहजीकरण गर्नेछ ।

१४. **<u>कानूनी व्यवस्था</u>**

यस नीतिले लिएका लक्ष्य, उद्देश्य, नीति तथा रणनीतिक व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यमान कानूनी व्यवस्थाहरूलाई समय सापेक्ष रूपमा संशोधन र परिमार्जन गरिनेछ । सङ्घीय मापदण्ड अनुकूल हुने गरी आवश्यकता अनुसार प्रदेश र स्थानीय तहबाट कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५. **<u>अनुगमन तथा मूल्याङ्कन</u>**

यस नीतिको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राष्ट्रिय योजना आयोग र वन तथा वातावरण मन्त्रालय समेतको सहभागितामा आवश्यक व्यवस्था मिलाउनेछ । आवश्यकता अनुसार प्रदेश तहमा फोहरमैला व्यवस्थापन हेर्ने मन्त्रालयले सरोकारवालाको समेत सहभागितामा अनुगमन सम्बन्धी व्यवस्था मिलाउनेछ ।

१६. **<u>जोखिम</u>**

फोहरमैला व्यवस्थापन सम्बन्धी ठूला पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापन, अन्तर निकाय समन्वय एवं जनस्तरबाट फोहरमैलाको वर्गीकरण, न्यूनीकरण र व्यवस्थित निष्कासनमा अपेक्षित सहयोग र सहकार्य हुन नसकेमा यस नीतिको लक्ष्य प्राप्ति कठिन हुन सक्दछ ।